# रतुवामाई नगरपालिकाको १२ औं नगरसभामा प्रस्तुत

## रतुवामाई नगरपालिकाको
## आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा मोरङ
कोशी प्रदेश , नेपाल

यस रतुवामाई नगरपालिकाको गरिमामय बाह्रौ नगर सभाका अध्यक्ष ज्यू तथा नगर सभाका सदस्य, ज्यूहरु

रतुवामाई नगरपालिकाको यस गरिमामय नगर सभामा आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुतगर्न पाउँदा हामी अत्यन्त हर्षित छौं। स्थानीय सरकारको रुपमा हामी निर्वाचित भए पश्चात पहिलो बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अन्तिम चरणमा पुर्याउन लाग्दै गर्दा यस रतुवामाई नगरपालिकाको विकास र उन्नतिको लागि सकृय रुपमा अगाडि बढ्दै प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दछु। लोकतान्त्रिक गणतन्त्र तथा विभिन्न काल खण्डमा स्वतन्त्रताको निम्ती अन्दोलनका क्रममा आफ्नो रगतले मातृ भुमिलाइ उर्वरा गर्नु हुने वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धन्जली अर्पण गर्दछु।

अध्यक्ष एवं सदस्य महानुभावहरु आ.ब.२०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु निम्नानूसार रहेका छन्,

१. नेपालको संविधान,
२. स्थानीय सरकार संचालन ऐन, २०७४,
३. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,
४.स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५ (परिर्माजित),
५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
६.राजनितिक दल, विषयगत शाखाहरु, निजी क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
७.बजेट तथा योजना तर्जुमा समितिको सिफारिस,
८.राजस्व परामर्श समितिको सुझाव,
९.स्थानीय तहका विभिन्न कानुनहरु,
१०. आन्तिरक राजश्वको अनुमानित आय आ.व. २०८०/८१ ,
११.समय समयमा व्यक्त प्रतिबद्धताहरु,

कृषि, उद्योग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृद्धि गर्दै विकासका सबै पूर्वाधार निर्माण गरी समृद्ध नगरपालिका निर्माण गर्ने दीर्घकालिन सोच, चिन्तन सहित विकासका सबै चरणहरुमा जनताको अर्थपूर्ण सहभागीता सहित सन्तुलित र चौतर्फी विकासको लागि आ.व.२०८०/८१ मा निम्न अनुसारको नीतिहरु अवलम्बन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्युहरु,**

अब म यस सम्मानित सभा समक्ष रतुवामाई नगरपालिकाको आ.व. ०८०/८१ को विषयगत रुपमा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## पूर्वाधार विकास तर्फ :

**सडक तथा पूल कल्भर्ट –**

१. एम्बुलेन्स, बिद्यालय बस तथा बारुणयन्त्र  बाहैं महिना आवतजावत गर्न सक्ने गरी सडक पूर्वाधारहरुको मर्मत गरिनेछ ।
२. अधुरा योजनाहरुलाई निरन्तरता दिइनेछ ।
३. सडक यातायात गूरुयोजना लाई लागू गरिनेछ ।
४. नगरपालिकाको सडकमार्गलाई  नम्बरिङ र नामाकरण गरिनेछ ।
५. पुर्वाधार एम्बुलेन्स कार्यक्रम सञ्चालन गरी सडक मर्मत तत्काल गर्ने निति लिइनेछ ।

**भवन तथा बस्ती विकास-**

१. सहरी सौन्दर्य, व्यवस्थित शहरीकरण तथा भुकम्पीय जोखिम समेतलाई मध्यनजर राखी भवन निर्माण मापदण्डलाई समयानुकुल परिमार्जन गरि कार्यान्वयन गरिनेछ ।
२. दिगो विकासको अवधारणालाई अवलम्बन गरिनेछ ।
३. नगरपालिका भित्र निर्माण हुने सामुदायिक भवनहरुलाई आवश्यकता, औचित्यता र दिगोपनालाई आधार मानेर मात्र निर्माण गरिने नीति लिईने छ ।
४. प्रशासकीय भवन निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाइ समय सिमा भित्र नै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।
५. आफ्नै प्रशासनिक भवन नभएका रतुवामाई नगरपालिकाका ८ र १० नम्बर वडाहरुको भवन निर्माण गर्न स्रोतको व्यवस्था गर्न पहल गरिनेछ ।

**विद्युतीकरण तर्फ :**

१. विद्युतीय सेवा नपुगेका टोल वस्तीहरुमा विद्युत सेवा पुर्याइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२. कृषि उत्पादनका लागि आवश्यक सिंचाई सुविधा उपलब्ध गराउन विद्युतीकरण गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

३. रात्रिकालीन आवागमनलाई सहज बनाउन वस्ति विकास भएका मूलसडकहरुमा र भारत संग सिमाना जोडिएका वस्तिहरुमा समुदायको साझेदारी र व्यवस्थापनमा सडकबत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ र सडक वत्तिलाई अनिवार्य मिटरमा आवध्दता गरिनेछ ।

४. वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र र अन्य सम्बन्धित निकायहरु संग समन्वय गरि वैकल्पीक उर्जा उत्पादन र प्रबर्द्धन कार्यलाई प्रोत्साहान गरिनेछ ।

५. विपन्नताका कारणले विद्युतको पहुँच नपुगेका नागरिकहरुलाई निशुल्क विद्युत मिटर जडान गर्ने नीति लिईने छ ।

६. रतुवामाई नगरपालिका अन्तर्गत भएका कृषकहरुलाई विद्युत महशुलमा अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

## नदि नियन्त्रण तथा सिचाई पूर्वाधार तर्फ :

१. नगर भित्रका वक्राह तथा रतुवा नदिलाई बायो ईन्जीनियरिंङको माध्यमबाट नियन्त्रण गरिनेछ ।

२. नगर क्षेत्र भित्र नदिलाई नियन्त्रण गर्न स्थायी तटबन्ध निर्माणका लागि पहल गरिनेछ ।

३. नगरक्षेत्रका पानीको मुहानको रूपमा रहेका खोला, खोल्साहरुलाई व्यवस्थित गर्दै बर्षै भरि संचालन हुन सक्ने सिंचाई प्रणालीको विकास र विस्तार गर्ने नीति अबलम्बन गरिनेछ ।

## साप्ताहिक तथा दैनिक हाटबजार तथा व्यवसाय संचालन

१. नगरपालिकाका सहर उन्मुख क्षेत्रमा दैनिक उपभोग्य वस्तुहरुको खरिद विक्री गरिने वजार र साप्ताहिक हाटबजारहरुलाई क्रमश: व्यवस्थित र सुरक्षित बनाउने नीति रहनेछ ।

२. नगरपालिका भित्र संचालनमा रहेका हाट बजार हरुलाई करको दायरामा समेटिनेछ ।

३. साप्ताहिक हाटबजारमा व्यवस्थित पशु बधशालाको व्यवस्थापन मिलाइनेछ ।

४. हाटबजारको सौन्दर्यकरणमा बिशेष जोड दिइ बजारबाट उत्पादनहुने फोहोरमैलालाई व्यवस्थित गरिनेछ ।

## पर्यटन पूर्वाधार तथा संस्कृति संरक्षण

१. नगरपालिका भित्रका धार्मिक, ऐतिहासिक , राजनैतिक तथा पर्यटकीय सम्भावना बोकेका स्थानहरुको प्राथमिकीकरण गरि प्राथमिकताको आधारमा प्रवर्दन गरिनेछ ।

# सामाजिक विकास तर्फ :

## शिक्षा :-

१. विद्यार्थीहरुको संख्या र आवश्यकताको आधारमा विद्यालय हरुको समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने प्रक्रिया थालनी गरिनेछ र गुणस्तरीय शिक्षाको अवधारणा अनुरुप शिक्षालाई अगाडि बढाइने छ ।

२. विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा पहुँच सुनिश्चित गरिने छ । विद्यालय उमेर समूहका सबै बालबालिकाहरु लाई विद्यायलमा ल्याउने सिकाउने र टिकाउने प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा सञ्चालन गरिने छ ।

३. बाल कक्षा देखि कक्षा ६ सम्मको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ र विद्यालयमा जंक फूडलाई निरुत्साहित गरिने नीति लिइने छ ।

४. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता मार्फत कार्यक्रम गरिनेछ ।

५. "हाम्रो स्कुल राम्रो स्कुल" अभियान अन्तरगत नतिजाका आधारमा थप प्रोत्साहन अनुदान प्रदान गरिने।

६. शिक्षकहरुलाई परीक्षा मूल्याङ्कन प्रणाली तथा परिमार्जित पाठ्यक्रमका बारेमा अभिमुखिकरण तथा तालिमगरिने छ।

७. विद्यालय स्तरीय तहका सबै परीक्षामा एक रुपता कायम गरी निशुल्क रुपमा परीक्षा सञ्चालन हुने व्यवस्था मिलाइने छ ।

८. शैक्षिक सत्रको शुरुवातमा विद्यार्थीका हात हातमा निशुल्क रुपमा पाठ्यपुस्तक पुर्याउने व्यवस्था गरिनेछ।

९.सामुदायिक विद्यालय भवनहरुको चुहिने छानाहरु विस्थापित गरी नयाँ छानाहरु लगाइने छ।

१०. SEE तथा कक्षा १२ को परीक्षा सञ्चालन हुने परीक्षा केन्द्रहरुलाई शिक्षा विकास तथा समन्वय इकाईकोसमन्वयमा थप व्यवस्थित बनाइने छ।

११. विद्यालयहरुलाई प्रदान गरिदै आएको स्वयंसेवक शिक्षकहरुलाई पुनरावलोकन गरी शिक्षक व्यवस्थाका लागिनतिजामा आधारित अनुदान उपलब्ध गराइने छ ।

१२. शैक्षिक सत्र २०८१ बाट १-८ मा एकीकृत पाठ्यक्रम पूर्णरुपमा कार्यान्वियन गरिने छ र यसका लागि पाठ्यसामग्री तथा सन्दर्भ सामाग्रीको विकास गरिनेछ ।

१३. नगर शिक्षा समिति मार्फत विद्यालयको अनुगमन गरी भौतिक शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा सुधार गरिनेछ ।

१४. सामुदायिक तथा संस्थागत विद्यालयहरुको अस्वस्थ प्रतिस्पर्धा हटाई अनुभव आदन प्रदान गर्ने नितिलिइनेछ।

१५. शिक्षाको मुल धारमा रहेका मदर्सा गुरुकुल जस्ता धार्मिक प्रकृतिका विद्यालयहरुलाई थप व्यवस्थित रुपमासञ्चालन गरिने छ ।

१६. नगर स्तरीय प्रधानाध्यापक शिक्षक बालविकास शिक्षक तथा विद्यालय कर्मचारी सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ

१७. विज्ञ शिक्षकहरुबाट कक्षा अवलोकन गरी कक्षा शिक्षण सिकाईमा सुधार ल्याइने छ।

१८. ससर्त अनुदानबाट प्राप्त कार्यक्रमहरुलाई बैज्ञानिक र पारदर्शी र आवश्यकताका आधारमा बाँडफाँड गरिने छ

१९. सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सम्बद्ध बिज्ञहरु रहेको समिति गठन गरी नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ।

२० . रतुवामाई नगरपालिका क्षेत्र भित्रका बहुमुखी क्याम्पसहरु , विशेस कक्षा तथा प्राविधिक विद्यालयहरुलाई व्यवस्थित गर्न अनुदान कार्यक्रम लागु गर्न पहल गरिनेछ ।

२१. सामुदायिक विद्यालयका विद्यार्थीको स्वास्थ्यलाई ध्यान दिई विद्यालयहरुमा नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य सेवा तर्फः-**

१. नगर अस्पताल झुर्कीयालाई स्तरोन्नति गर्न र व्यवस्थित संचालन गर्नका लागि कार्यविधी बनाई कार्यन्वयन गरिनेछ ।

२. आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गरिनेछ |

३. मातृशिशु, बालबालिकार किशोरकिशोरी, साथै जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धनका लागि विशेष व्यवस्था गरिनेछ | साथै रोग पहिचान एवं उपचारको लागि नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ |

४. रतुवामाईका सम्पूर्ण बालबालिकाको खोपको अधिकार सुनिश्चित गर्नका लागि विगत वर्षहरु झैँ यस वर्ष पनि पूर्णखोप पालिका सुनिश्चितता गरिनेछ |

५. नगरपालिकाका प्रसुति केन्द्रहरुमा हुने सुत्केरीलाई प्रोत्साहन गरिनेछ र गर्भवती एवं प्रसुति जटिलता व्यवस्थापनका लागि अन्यत्र लानु पर्ने भएमा नगरपालिकाद्वारा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।घरमा सुत्केरी गराउने कार्यलाई निरुत्साहित गर्दै शुन्य बनाइनेछ |

६. स्वास्थ्य संस्थाहरुबाट सुत्केरी महिलाहरुको लागि निशुल्क रुपमा प्रदान गरिदै आएको सुत्केरी पोषण , प्रयोगशाला जांच एवं ग्रामीण अल्ट्रासाउन्ड सेवालाई निरन्तरता दिइनेछ |

७. रतुवामाईलाई पूर्ण पोषणयुक्त नगरपालिका बनाउनका लागि प्रत्येक वडामा पांच वर्षमुनिका बालबालिका, गर्भवती महिला एवं किशोर-किशोरीको पोषणको अवस्था लेखाजोखा एवं वृद्धि अनुगमन गरी कुपोषित बच्चा पत्ता लगाउने साथै उपचार गरी निको बनाई कुपोषण नभएको सुनिश्चितता प्रत्येक स्वास्थ्य संस्था एवं विद्यालय तहबाट गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ |

८. फोहोर मैला एवं वातावरणीय प्रदुषणको कारणले हुने रोगहरुलाई नियन्त्रण गर्नका लागि खुला दिसामुक्त र पूर्ण सरसफाईयुक्त पालिका सुनिश्चितताको अवस्था कायम राख्नका लागि आवश्यक व्यवस्था गरिनेछ I

९. वातावरणीय प्रदुषणका कारणले बढिरहेको स्वास्थ्य समस्याहरु न्यूनीकरणका लागि वातावरणीय स्वास्थ्य कार्यक्रम लागु गरिनेछ |

१०. डेंगी, मलेरिया जस्ता महामारीको प्रतिकार्य एवं नियन्त्रण तथा अन्य सर्ने एवं नसर्ने रोगहरुको जोखिमलाई न्यूनीकरण कार्यलाई उच्च प्राथमिकता दिई कार्य गरिनेछ।

११. रतुवामाई नगरपालिकालाई क्षयरोग ,हात्तीपाइले रोग तथा कुष्ठरोग मुक्त नगरपालिका बनाउनप्राथमिकता दिइनेछ I

१२. नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमलाई अझ प्रभावकारी ढंगले संचालन गर्नका लागि स्वास्थ्य बीमा फार्मेसी संचालन गरिनेछ |

१३. नसर्ने रोगहरु जस्तै: क्यान्सर, मधुमेह, मृगौला रोग, उच्च रक्तचाप र मुटु रोगको प्रकोप बढ्दै गईरहेको अवस्थामा यी रोगहरुको भारलाई कम गर्नका लागि स्वस्थकर जीवनशैलीलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम एवं स्वास्थ्य शिक्षा र प्रवर्धनात्मक कार्यक्रमलाई जोड दिइनेछ |

१४. सार्वजनिक स्थानमा धुम्रपान, गुट्खा लगायतका सूर्तीजन्य पदार्थ सेवन नियन्त्रणका लागि आवश्यक सुचना सम्प्रेषण साथै अनुगमनको कार्यलाई प्राथमिकतामा राखिनेछ |

१५. आत्महत्या एवं उदासीपन जस्ता मानसिक समस्याहरुको समाधान एवं जीवनमा खुशी प्रवर्धनका लागि आत्महत्या न्यूनीकरण एवं खुशी कार्यक्रम लागु गरिनेछ |

१६. वडाका खोप क्लिनिक एवं गाउँघर क्लिनिकको निर्माण, मर्मत एवं फर्निचरको व्यवस्थापन गरी सेवालाई थप व्यवस्थित बनाइनेछ |

१७. नगरभित्रका विपन्न, दलित, आदिवासी, जनजाति, मुस्लिम आदिलाई कडा(जटिल) किसिमका रोगहरुकालागि आर्थिक सहायता प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१८. महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको सेवा प्रभावकारी संचालनका लागि दिइदै आएको मासिक यातायात खर्चलाई निरन्तरता दिइनेछ छ |

१९. गरिव, विपन्न तथा असहाय परिवारहरुका बिरामीका लागि मोरङ जिल्लाभरिका अस्पतालहरुमा स्वास्थ्य संस्थाले गर्ने प्रेषणको आधारमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

२०. दलित विपन्न एवं पिछडिएका नागरिकहरुलाई सञ्चालन गरिदै आएको स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**खानेपानी :-**

१.सुरक्षित खानेपानी पिउनका लागि  पिछडीएका बस्ति, विपन्न एवम् दलित समुदाय भएका टोल तथा बस्तीका परिवारहरुलाई बायोस्याण्ड फिल्टर वितरण गर्दै लगिनेछ ।

२.रतुवामाई नगरपालिका वडा नम्बर ६ देखि १० मा खानेपानीको पाइप बिस्तारकार्यलाई प्रदेश तथा संघिय सरकार संगको समन्वयमा संचालन गरिनेछ ।

३.खानेपानी ट्यांकी नभएका वडाहरुमा खानेपानी ट्यांकी निर्माणका लागी पहल गरिनेछ ।

**महिला:-**

१. उपमेयर महिला सशक्तीकरण कार्यक्रम अन्तरगत बूहारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. महिलाहरुलाई सिपमूलक तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३.  वडा स्तरिय समूह मार्फत महिला लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

४. लैङ्गिक हिंसामा परेकाहरुलाई न्यायिक अधिकार दिलाउन अदालत सम्म जान र अदालतिप्रक्रिया पुरा गर्न सहयोग गरिनेछ।

५. एकल महिलाहरुलाई आत्मनिर्भर हुनका लागि उत्पादनमा आधारित सीप तथा प्रविधि हस्तान्तरण गरिनेछ ।

६. पिछडिएका महिलाहरुका लागि कानुनी साक्षरताको माध्मबाट घरेलु हिंसा लगायत विविध हिंसाको निराकरण गरिनेछ ।

**बालबालिका :-**

१.  बाल श्रम मूक्त नगर निर्माणगर्न आवश्यक कार्यक्रम संचालन ल्याइनेछ ।

२.बालबालिकाको चौतर्फी विकासका लागि बालक्लबलाई सशक्तिकरण गरिनेछ ।

३.बालबालिका संग मेयर कार्यक्रम र बाल प्रतिभा खोजि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४. प्रत्येक वडामा बालयौन जन्यदुर्व्यवहार तथा लागु औषध दुर्व्यसनी नियन्त्रण सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**जेष्ठ नागरिक:-**

१.प्रत्येक वडामा जेष्ठ नागरिक चौतारि निर्माण गरि अनुभव आदन प्रदान मार्फत अन्तरपुस्ता पुस्ताहस्तान्तरण गर्न प्ररित गरिनेछ ।

२.निर्माण सम्पन्न भएका ज्येष्ठ नागरिक चौतारी हरुमा ज्येष्ठ नागरिक लक्षित पुस्तक तथा सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

३.योग अभ्यास,उपचार र सचेतना कार्यक्रमको माध्यम द्धारा जेष्ठ नागरिकहरुमा देखिएका शरिरिक तथा मानसिक समस्याको न्यूनिकरण गरिनेछ ।

४. जेष्ठ नागरिकहरुको स्वास्थ्थ परिक्षणका लागि वडास्तरमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५.पारिवारिक महत्वका बारेमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**अपांगता:-**

१. अपांगता रोकथाम तथा पूनरस्थापनाका माध्यमबाट अपांगता न्यूनिकरण,शिक्षाको पहूँच,आयआर्जन तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

२. प्रत्येक वडामा संचालनमा रहेका अपांगता व्यक्तिहरुको मिलिजुलि समुहलाई सशक्त बनाउदै लगिनेछ ।

३. अति अपांगता भएका व्यक्तिहरुका घर घरमा गएर अपांगता परिचयपत्र दिईनेछ ।

४.डिजिटल अपांगता परिचयपत्र वितरण गर्ने नीति लिईने छ ।

**आदिवासी जनजाती :-**

१.आदिवासी जनजातीहरुको संस्कृती संरक्षण र परम्परागत सिप तथा प्रविधीको संरक्षण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

२.नेपालमै ताजपूरिया जातीको सबैभन्दा बढि जनसंख्या यस नगरपालिका रहेकोमा ताजपुरिया जातीको भाषा संरक्षणका लागि सम्बन्धित वडाका मा.बि विद्यालयहरुमा भाषा शिक्षकलाई निरन्तरता दिने प्रबन्ध मिलाइनेछ ।

३. आदिवासी/जनजातीका धर्म कला संस्कृति र संस्कारहरुलाई संररक्षण संवर्द्धन गर्न प्रोत्साहित गर्दै क्षमता विकासका कार्यक्रम संचालन गर्ने नीती अवलम्बन गरिनेछ ।

४. आदिवासी जनजाति लगायत सबै जाति धर्म सम्प्रादयको मठ मन्दिर र मृत्यु संस्कार गरिने घाटहरुको क्रमश व्यवस्थापन गरिनेछ ।

**दलित:-**

१. विपन्न दलित समुदायका युवाहरुकोलागी सिपमुलक तालिम प्रदान गरि प्रविधि हस्तान्तरण गर्ने नीति लिइनेछ ।

२. छुवाछुत मुक्त नगर निर्माणका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**मधेसी मुस्लिम तथा पिछडा वर्ग :-**

१. मधेसी मुस्लिम तथा पिछडा वर्गहरुलाई आर्थिक तथा समाजिक रुपमा सक्षम, सवल बनाउने नीति अवलम्बन गरिनेछ ।

२. मधेशी, मुस्लिम तथा पिछडा वर्गका लागि सिपमुलक तालिम प्रदान गरिनेछ ।

**युवा तथा खेलकुद तर्फ:**

१. मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ।
२. यूवाहरुलाई आयमुलक, सिपमुलक तालिमको व्यवस्था मिलाइनेछ।
३. गढिमहाराजथान रंगशाला निर्माण गर्नका लागि माथिल्ला निकायसंग पहल गरिनेछ।
४. रतुवामाई नगरपालिकामा एउटा छुट्टै क्रिकेट मैदानको व्यवस्था गरिनेछ।
५. नमुना विद्यालय छनौट गरि विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था मिलाइनेछ।
६. माध्यमिक विद्यालयहरुमा खेलकुद सामाग्रीहरु उपलब्ध गराईने नीति लिइनेछ।
७. प्रत्येक वर्ष नगर भित्रको उत्कृष्ट क्लव घोषणा गरी राष्ट्रिय स्तरको प्रतियोगिता सञ्चालन कार्यको सुरुवात गरिनेछ।
८. युवा परिषद संगको समन्वयमा युवा विकास क्षेत्रमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ साथै नमुना युवा संसदको अभ्यास गर्ने व्यवस्था मिलाइनेछ।

**सहकारी तथा गरिवी निवारण :**

१. रतुवामाई नगरपालिका नियामक निकाय भएका सहकारी संस्थाहरुलाई अनिवार्य कोपोमिसमा आवद्ध गराइनेछ।
२. नियमानुसार सहकारी सञ्चालन नगर्ने, समयमा नै नगरपालिकाले माग गरेको बिवरण तथा मासिक बिवरण नबुझाउने सहकारीहरुलाई जरिवाना/दण्डित गरिने र उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्ने निति अबलम्बन गरिनेछ।
३. सहकारी सञ्चालक तथा कर्मचारी लाई तालिम प्रशिक्षणको व्यवस्था गरिनेछ।
४.उत्पादनमुलक सहकारीलाई प्रवर्धन गरिनेछ।

## आर्थिक विकास तर्फ

**कृषि क्षेत्र**

१. कृषकहरुको कृषि बालीको नियमित प्राविधिकहरुबाट जाँच तथा निरिक्षण गर्ने व्यवस्था गरिनेछ। साथै सामुहिक खेति गर्ने कृषक समुहहरुलाई निशुल्क बाली गर्न प्रोत्साहित गरिनेछ।
२. प्लान्ट क्लिनिक सञ्चालन गरी बाली बिरुवामा लाग्ने रोग किराहरुको प्रकोप व्यवस्थापन गर्न सहयोग गरिनेछ।
३. कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
४. मकै उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।
५. प्राङगारीक खेति प्रवर्धन गर्नका लागी क्लष्टर रुपमा भकारोसुधार कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।
६. आधुनिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. किसानहरुबाट उत्पादित कृषि जन्य सामाग्रीहरुको चिस्यान सहितको भण्डारण व्यवस्था गर्न पहल गरिनेछ।

८. कृषिमा आधारित घरेलु उद्यम स्थापना गर्न प्रोत्साहन गरिनेछ।

९. रतुवामाई नगरपालिका वडा नम्बर ९ मा निर्माणाधीन विउविजन भण्डार गृहलाई सञ्चालनमा ल्याई स्रोत केन्द्रको रुपमा विकास गरि धानको विउमा नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ।

१०. माटोको ल्याब स्थापना गरि कृषकहरुको माटो परिक्षण सहुलियतमा गर्ने व्यवस्था मिलाइनेछ।

११. नविनतम प्रविधिबाट कृषि व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।

१२. स्यालो टुबेल , सिचाई वैकल्पिक उर्जा, डिप बोरिंग लगायतका लागि आवश्यक पहल गरिनेछ।

१३. कृषकहरुलाई बाली विमा गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

**पशुपंक्षी तथा मत्स्य विकास :**

१.पशु सेवा प्रसार संरचनाको प्रभावकारी परिचालन तथा सेवा प्रवाहलाई सरल, सहज र कृषकहरुको पहुंचमा हुनेगरी पशुसेवा ईकाइ हरुको सुदृढिकरणगरिनेछ।

२.आवश्यकता अनुसार सम्वन्धित कार्यक्रम निर्देशनालयसंग समन्वय गरि रोग प्रतिरोधात्मक तथा उपचार सेवा, कृत्रिम गर्भाधान सेवा, पशु स्वास्थ्य शिविर, पशुबांझोपन उपचार तथा शिबिर, रोग परिक्षण, पशुमा परजिवी नियन्त्रण, पशु आहारा विकास आदि जस्ता कार्यक्रमहरु मध्ये संभाव्यताको आधारमा कम्तिमा एउटा कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ।

३. पशु सेवाको पहुँच बढाउन गैर सरकारी संघ संस्था, स्थानीय निकाय, कृषक समूह, समितिसंग समन्वय गरी श्रोतको दोहोरोपना हटाई स्थानीय निकाय, कृषक समुह, समिति एवं गैर सरकारी संघसंस्थाहरुसित सहकार्यमा एकीकृत पशु विकास कार्यक्रमको रुपमा संचालनगरिनेछ।

४.परम्परागत ज्ञान, शीप, प्रविधि र अभ्यासहरुको अभिलेख तथा वैज्ञानिक आधारहरु तयार गरी स्थानीय हावापानी र जलवायु अनुकूलन सुदृढ एवं विस्तार गर्ने अनुकूलन प्रविधिहरुको प्रसार प्रसार गर्ने कार्यक्रम गरिनेछ।

५. कृत्रिम गर्भाधान सेवाको क्षेत्र विस्तार गर्न सम्भाव्य स्थानहरुको पहिचान गरि कृत्रिम गर्भाधान केन्द्रहरु थप गर्ने कार्यक्रमहरु राख्ने र कृत्रिम गर्भाधान सेवा प्रवाहमा निजी क्षेत्रको संलग्नता बढाउदै लगिनेछ।

६.निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मी, पशु सेवासंग सम्बद्ध उद्योग व्यवसाय (फार्म, औषधि पसल, क्लिनिक, दाना पसल) आदिको लगत तयार गरी नियमन गर्ने कार्यक्रम गरिनेछ।

७. सूरक्षा निकायहरुको सहकार्यमा अवैध रुपले भित्रीने पशुपंक्षी तथा माछाको आयात एवं निर्यात नियन्त्रणमा समन्वय गरिनेछ।

८. पशु पालन व्यवसायको व्यसायिकरणसंगै नयाँ प्रकारका रोगको प्रकोप समेत देखा परिरहेको सन्दर्भमा आफ्नो फार्म क्षेत्रमा अपनाउन पर्ने जैविक सुरक्षा सम्वन्धमा कृषकस्तरमा सूसूचित गर्न जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
९. पशुपंक्षी विमा गर्न प्रोत्साहित गरिनेछ।
१०. भारतीय सिमा नाकामा पशु क्वारेन्टाइन स्थापना गर्न पहल गरिने छ।
११. रतुवामाई नगरपालिकालाई माछा ब्लकको रुपमा विकास गर्ने नीति लिईने छ।

**श्रम रोजगार , उद्यम तथा उद्यमशीलता:**

१. रतुवामाई नगरपालिकाको पाँच वर्षीय स्थानीय रोजगार रणनिती तयार गरिने छ ।
२. सबै किसिमको पेशा र पेशा कर्मीलाई समान बनाउन श्रमको सम्मान कार्यक्रमहरु संचालन गरिनेछ।
३. नगर क्षेत्र भित्रका युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न उद्यमशीलताको विकास, स्वरोजगार र आय आर्जनमा केन्द्रित उद्यमशील कार्यक्रम संचालन गरिने छ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई सिपमुलक तालिम दिई नगरको विकासे आयोजनाहरुमा साझेदारी गरि प्रयोग गरिने छ।
५. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई नगरपालिकाको समेत साझेदारी गरि थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।
६. नगर भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरि स्थानीय उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ।
७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति सम्बन्धि सेवा प्रभाकारी ढंगले संचालन गरिनेछ।
८. आवश्यक कानुनको निर्माण गरि पालिका स्तरमा उद्योग दर्ता गर्ने व्यवस्था मिलाईनेछ।

**भूमि व्यवस्थापन :**

१. नगरपालिकाले तयार गरेको भू- उपयोग वर्गीकरण क्षेत्र सम्बन्धि मापदण्डलाई कार्यन्वयन गर्दै लगिनेछ।
**२.** भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीहरुको व्यवस्थापन कार्यलाई द्रुत गतिमा अघि बढाइनेछ।
**३.** भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीहरुको निस्सा वितरण तथा नापजाँच कार्य यस बर्ष सम्पन्न गरिनेछ।
**४.** जग्गा धनि दर्ता पुर्जा वितरण कार्यलाई निरन्तरता दिईने छ।

**संगठन व्यवस्थापन, सेवा प्रवाह र सूशासन:**

१. "रतुवामाई नगरपालिका, मेरो नगरपालिका" भन्ने पहिचान स्थापित गर्न नगरपालिकाको आफ्नै छुट्टै लोगो ( प्रतिक चिन्ह) तयार गरी कार्यान्वयन गरिनेछ ।
२. नगरपालिकाबाट हुने सेवा प्रवाह र श्रोतको उपलब्धतालाई समेत आधार लिई संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर पालिकामा कार्यरत कर्मचारीहरुको दरबन्दी पुनरावोलकन गरिनेछ ।
३. सार्वजनिक सूचनाको प्रवाह, सार्बजनिक सुनुवाई र सार्बजनिक परिक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
४. नगरपालिकाको कार्यालय तथा मातहतमा रहेका अन्य कार्यालयका कर्मचारीहरुको सेवाग्राही प्रति उत्तरदायी तथा जवाफदेहि बनाउन कर्मचारी आचारसंहिता निर्माण गरि लागु गरिनेछ ।

**सूचना प्रविधि तर्फः**

१.सेवा प्रवाहलाई सरल ,व्यवस्थित, प्रभावकारी र सेवाग्राही मैत्री बनाउन नगरपालिकाको कार्य प्रक्रियालाई विद्युतीय सरकारको रुपमा रुपान्तर गर्न आवश्यक पर्ने पुर्वाधारहरु क्रमश: निर्माण गरिदै लगिनेछ ।

२. सुरक्षा निकायहरुबाट परिचालन हुने गरि नगर क्षेत्रका विभिन्न स्थानहरुमा जडान गरिएको CC Camera हरुलाई थप व्यवस्थापन गरि प्रभावकारी बनाइनेछ ।
३. रतुवामाई नगरपालिका भित्र जडान गरिएका फ्री वाईफाईहरुलाई नगरवासीहरुको राय सुझाव अनुसार निरन्तरतादिइनेछ।
४. नगरपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय,सामुदायिक स्वास्थ्य संस्था तथा विद्यालयहरुमा कार्यरत कर्मचारीहरुको हाजिरी थप व्यवस्थापन गर्न विद्युतीय हाजिरी प्रणालीको प्रयोगमा व्यवस्था गरिनेछ ।
५. नगरपालिकाको कार्यालय तथा अन्तर्गतका सबै कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि सूचना प्रविधि सम्वन्धि सीप अभिवृद्धि तालिम संचालन गरि सेवा प्रवाहलाई अझ प्रवाकारी र सहज बनाईनेछ ।

**कर प्रशासन तर्फः**

१. नगरपालिकाको कार्यालयको राजस्व संकलन लाई प्रविधिमैत्री बनाइ घरबाटै भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइनेछ ।
२. नगरवासी तथा व्यवसायीहरुले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर, करदाताको क्षमतालाई अध्ययन गरी सहज र सरल बनाउने नीति अवलम्बन गरिनेछ ।
३. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन घुम्ती शिविर संचालन गरिने छ । साथै करको दायरामा आउन नचाहाने करदातालाई नगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधा सँग मिलान गरि करको दायरामा ल्याईनेछ ।

४. भारतीय सिमा नाकामा छोटी भन्सार पुन :स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

**वन वातावरण संरक्षण र विपद् तथा फोहर व्यवस्थापनः**

१.नगर क्षेत्रमा उपलब्ध खाली जग्गामा बृक्षारोपण गरि वन क्षेत्रको विकासलाई बढवा दिने नीति लिईनेछ।

२.नगरक्षेत्रमा रहेको एक मात्र भल्खुवा सामुदायीक वन र वन क्षेत्र को संरक्षण तथा विकास गरिनेछ।

३.फोहोरमैला डम्पिङ गर्न आवश्यक डम्पिङ साइडको व्यवस्था गरिनेछ।

४.विपद् व्यवस्थापन गर्न यूवाहरुलाई तालिमको व्यवस्था मिलाइनेछ।

५.विपद व्यावस्थापन सम्बन्धि आवश्यक नीतिहरुको तर्जुमा गरिनेछ।

६.सूरक्षा निकायहरु संग समन्वय गरी विपद् व्यवस्थापन प्रतिकार्यकालाई आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ।

**राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध**

१. उत्कृष्ट कार्य सम्पादन भएका देश भित्रका अन्य नगरपालिकहरु संग सम्बन्ध विस्तार गरी असल अभ्यासहरुको अनुसरण गर्ने व्यवस्था मिलाइनेछ ।

२. नगर विकास कोष, विश्व बैंक जस्ता संस्थाहरुसंग समन्वय गरि नगरपालिकाको पूर्वाधार विकासमा लगानी भित्र्याउने वातावरण तयार गरिनेछ।

३. यस नगरपालिका सदस्य रहेको अन्तराष्ट्रिय संस्था (WeGO) ह्वीगो , लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुको कार्यक्रमहरुमा सहभागिता जनाईनेछ ।

**विधायन तथा वित्तीय अनुशासन**

१.महालेखाबाट सुझावका रुपमा पेश गरिएका सुझाव उपर र नियमित गर्नुपर्ने सबै कुरा आर्थिक ऐन बमोजिम गरिनेछ।

२. "Kick to the Corruption, Kiss to the Development" **किक टू द करप्सन , किस टू द डेभलोपमेन्ट** आत्मसाथ गर्दै आर्थिकउत्तरदायित्व र पारदर्शिता बढाउने नितिलाई आत्मसात गरिनेछ।

३. जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्र बीच सुमधुर सम्बन्धलाई आपसी हातेमालो गर्दै अझैप्रगाढ बनाउदै सामूहिक प्रयत्नबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लागि सेवा, प्रशासन र प्रगतिः जनतामुखी राजनिति"भन्ने नाराका साथ अगाडी बढाइनेछ।

४. प्रशासनिक खर्च न्युनिकरणकरण तथा मितव्ययिताका लागि संघीय तथा प्रादेशिक निर्देशनहरु कडाइका साथ पालना गरिनेछ।

५. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाहरुको कार्यान्वयनका लागि रतुवामाई नगरपालिकालाई प्राप्त भएको अधिकार क्षेत्र भित्र रहि आवश्यकता अनुसार विभिन्नऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाइ लागु गरिदै लगिनेछ ।

सभाध्यक्ष महोदय,
अब म आ.व. २०८०/८१ को लागि प्राप्त हुन सक्ने अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि यस रतुवामाई नगरपालिकामा संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगतको वित्तीय समानीकरण अनुदान रु. १५,१८ ,००,०००।– ( अक्षेरुपी रु पन्ध्र करोड अठार लाख) संघीय सरकारबाट राजश्व बाडफाडबाट रु. १२,५९,२५,०००।- (अक्षेरुपी रु बाह्र करोड उनन्साठी लाख पचिस हजार रुपैया) , घर जग्गा रजिस्ट्रेसन करको बाडफाडबाट प्राप्त हुने रु. ३,००,००,०००।– (अक्षेरुपी रु तिन करोड ) , प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान रु. ९८,१७,०००।– (अक्षेरुपी रु अन्ठानब्बे लाख सत्र हजार), प्रदेश सरकारबाट सवारी साधनको कर बाडफाडबाट रु. ७१,१९,६१६।– (अक्षेरुपी रु एकहत्तर लाख उन्नाईस हजार छ सय सोह्र ), नगरपालिकाको आन्तरिक आम्दानि रु. २,१९,७८,७९०/- (दुई करोड उन्नाईस लाख अठहत्तर हजार सातसय नब्बे ) अनुमानीत अ.ल्या रु. ५०,००,०००/- (अक्षेरुपी रु पचास लाख) , स्थानीय राजश्व बाडफाड बाट रु.१०,००,०००/- ( दश लाख रुपैया) त्यसैगरि संघीय शसर्त अनुदान चालु तर्फ रु.३०,७१,००,०००/- , (अक्षेरुपी रु तिस करोड एकहत्तर लाख ) संघीय शसर्त अनुदान पुजीगत तर्फ रु.३,०२,००,०००/- , (अक्षेरुपी रु तिन करोड २ लाख ) प्रदेश सरकार सशर्त अनुदान चालु तर्फ रु ३१,२५,०००।- , (एकतिस लाख पचिस हजार ) प्रदेश सरकार सशर्त अनुदान पुजीगत तर्फ रु १,१५,००,०००।- , (एक करोड पन्ध्र लाख) प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु.१,२९,७०,०००/-( एक करोड उनन्तिस लाख सत्तरी हजार) संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. १,१५,००,००००(एक करोड पन्ध्र लाख) र संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ५०,००,०००।-, (अक्षेरुपी रु पचास लाख ) गरि कुल जम्मा रु. ७३,४०,३५,४०६/- (अक्षेरुपी रु त्रिहत्तर करोड चालीस लाख पैतिस हजार चार सय छ ) रुपैया बराबरको अनुमानित बजेट आगामी आ.व. ०८०/८१ को लागी प्रस्तुत गरेको छु ।

अन्त्यमा यस नगरपालिकाले दीर्घकालीन सोच उद्देश्य प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको प्रभावकारी तथा सफल कार्यन्वयनले नगरपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दै नीति तथा कार्यक्रममा सहयोग पुर्याउनु हुने सम्पूर्ण सभाका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु,

वुध्दिजिवी,समाजसेवी, शिक्षक प्राध्यापक, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरवासीहरु समेतलाई हार्दिक धन्यवाद व्यक्त गर्दै नीति कार्यक्रम अनुरुप उचित स्रोतसाधनका व्यवस्थाको प्रतिवद्धता गर्दै यस नगरपालिकाको "कृषि विकास र भौतिक पुर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर" भन्ने नारा सफल बनाउन सबैको साथ सहयोग र सहकार्यको आशा र विश्वास राख्दै विदा हुन्छु ।

धन्यवाद ।